# चौरीदेउराली गाउँपालिका
# Chaunrideurali Rural Municipality
## गाउ कार्यपालिकाको कार्यालय
ढाँडखर्क, काभ्रेपलाञ्चोक

बागमती. प्रदेश,नेपाल
Bagmati Province, Nepal

प. सं.(Letter No): 066/068

च. न.(Ref No):

मिति (Date): २०७८/०२/३१

चौरीदेउराली गाउँपालिकाबासी आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

यतिवेला सिंगो मानव जातिमाथि प्राणघातक कोभिड-१९ कोरोना महामारी संक्रममणले भीषण आक्रमण गरिरहेको छ । विश्व मानव जाति यो महामारीसँग निर्णायक लडाई लडी रहेको वर्तमान परिस्थितिमा हाम्रो गाउँपालिका पनि अछुतो रहन सकेन । यसबाट भागेर भाग्न पनि नसकिने र लुकेर पनि लुक्न नसकिने हुँदा सावधानी पूर्वक यसैसंग संघर्ष गरी विजय हासिल गर्नुको विकल्प हामीसँग रहेन । यो निर्णायक संघर्षमा जीत हाँसिल गर्नका लागि हामी सबैको एकताबद्ध साथ र सहयोग विना सम्भव छैन । अहिलेसम्म हामीले सकेसम्म हामीसंग भएका स्रोत र साधनको भ्याएसम्म अधिकत्तम प्रयोग र परिचालन गरी कोरोना रोकथाम नियन्त्रण र उपचार गरिरहेका छौं र गरी रहने छौं । हामीलाई देश विदेशबाट समेत दयालु मनकारी दाताहरुबाट आवश्यक स्वास्थ्य सामाग्रीहरु प्राप्त भइरहेका छन् र अझै प्राप्त हुने छन् भन्ने अपेक्षा पनि गरिरहेका छौं । कोरोना उपचारको लागि प्राणवायु (अक्सिजन) अति नै आवश्यक रहने र महामारीको संक्रमण तिब्र रुपले फैलँदा अक्सिजन प्राप्त गर्न असाध्यै कठिन भएको हाम्रो आफ्नै प्रत्येक्ष अनुभवले हामीले संचालन गरेको अस्पतालको लागि अक्सिजन प्लान्ट नै राख्नु पर्ने अनिवार्य आवश्यकता ठहर गरेको हुँदा गाउँपालिकाले रु १०,००,०००।- (अक्षेरुपी दश लाख मात्र) खातामा विनियोजन गरी जनस्तरबाट समेत सहयोग लिने र अक्सिजन प्लान्ट स्थापना गर्ने निर्णय समेत गरिसकेकोले देश विदेश र गाउँमै समेत रहेर विभिन्न पेशा व्यवसाय गरिरहनु हुने सहयोगी मनका दाजुभाई, दिदीबहिनीहरु, शिक्षक, कर्मचारी, बुद्धिजीवि, निर्माण व्यवसायी, व्यापारी, उद्योगी लगायत विभिन्न सामाजिक संघ संस्थाहरु सबैबाट आ-आफ्नो क्षमता र हैसियत अनुसारको जे जति सकेको सहयोग गरीदिनुहुन हार्दिक अनुरोध गर्दछौं। तपाई हाम्रो सहयोगले हामी यो महामारीबाट तपाई हामी र हाम्रा दाजुभाई तथा दिदीबहिनी, आमाबुबा, छोराछोरीको जीवन रक्षा गर्न सक्नेछौं । इतिहासले तपाई हाम्रो मूल्याङ्कन गर्नेछ । गाउँपालिकाले निम्नअनुसारको सम्मान गर्नेछ । यसका लागि गाउँपालिकाको NCC Bank मा रहेको ग.५.१ स्थानीय तह विविध कोषको खाता नं. १४४०००००२६३०१ मा सहयोग रकम जम्मा गरिदिनुहुन अनुरोध छ ।

### सहयोग दाताहरुका लागी

१. रु ५,०००।- ***देखि २०,०००।-*** सम्म सहयोग गर्ने दाताको नाम फ्ल्याक्स बोर्डमा प्रिन्ट गरी अस्पतालको Wall मा राखिने छ ।

२. रु २०,००० ।- ***देखि ५०,००० ।-*** सम्म सहयोग गर्ने दाताको नाम शिलालेखमा लेखि अस्पतालको मुल गेट/प्लान्टको भवनको उपयुक्त भित्तामा राखिनेछ र प्रमाणपत्र प्रदान गरिनेछ ।

३. रु ५०,०००।- ***देखि १ लाखसम्म*** सहयोग गर्ने दाताको नाम शिलालेखमा लेखि प्रमाणपत्र सहित दोसल्ला ओढाएर सम्मान गरिनेछ ।

४. रु. ***१ लाख देखि ५ लाख*** माथि सहयोग प्रदान गर्ने दातालाई प्रमाणपत्र, शिलालेख, दोसल्ला र मायाको चिनोसहित सम्मान गरिनेछ ।

५. रु. ***५ लाखदेखि*** माथि सहयोग प्रदान गर्नुहुनेलाई प्रमाणपत्र, शिलालेख, दोसल्ला र मायाको चिनो सहित OPD कक्ष वा मेडिकल वार्डको मुख्य कक्ष वा प्रशासनिक कक्ष मध्ये मुख्य ठाउँमा फोटो राखि सम्मान गरिनेछ ।

❖ यस अस्पतालमा उपचारत रहँदा सहयोगीदाताहरुलाई अक्सिजन निःशुल्क उपलब्ध गराइनेछ ।

❖ रकम प्राप्त भएको जानकारी पाउन साथ गाउँपालिका वेभ साइड/फेसबुक पेजमा अपडेट गरी जानकारी दिइनेछ ।

दिननाथ गौतम

अध्यक्ष

चौरीदेउराली गाउँपालिका